**प्रश्न नं. ६१**

# त्रि.वि.,कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.बि.द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरण

**(कक्षा रोल नं. ७३२० देखि ७४४१ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

जिल्ला रुकुम सानीभेरी गाउपालिका वडा नं.४ मा वस्ने मोहमद फुर्कान अन्सारीको जाहेरीले नेपाल सरकार

**विरुद्ध**

जिल्ला रुकुम सानीभेरी गाउपालिका वडा नं.४ मा वस्ने किरण वि.क

**मुद्दा : ज्यान सम्बन्धी कसुर ।**

(१) मिति २०७५।०८।०१ जिल्ला रुकुम सानीभेरी गाउपालिका वडा नं.४ मा बस्ने कमल भन्ने खड्क वि.क. समेतका व्यक्तिहरुले भारत १८ बेलदारन टोल बस्ने मोहम्मद एहसन अन्सालीले चलाई ल्याएको UP40T0072 नं. को बालेरो जिप चालकलाई बाँके जिल्ला मनिकापुर गाउपालिका वडा नं. ३ स्थित कर्तव्य गरी मारी फाले हुदाँ कानुनबमोजिम गरिपाउँ भन्ने बेहोराको मो.फुर्कान अन्सारीको जाहेरी दरखास्त ।

(२) बाँके जिल्ला मनिकापुर गाउपालिका वडा नं. ३ स्थित पुर्वमा राझा जाने बाटो पशिचममा डुरुवा खोला उत्तरमा खाली बाँझो खेत दक्षिणमा बाटो यत्ति चार किल्लाभित्र रहेको मदनापुर भन्ने स्थानमा डुरुवा खोलाको २५ मिटर राझा जाने बाटोको १० मिटर पशिचमतर्फ खोलाको ढिक रहेको सो ढिक माटोले पुरी राखेको मृत बेवारिसे लासको टाउकोको भाग जमिनदेखि माथि देखिएको, सो टाउको वरिपरि छोटो कपालहरु छरिएर रहेको उक्त लासको वरिपरि रहेको माटो उत्खनन् गरी हेर्दा दक्षिण शिरान , उत्तर गोड्यान भई घाप्टो पारी रहेको लासको टाउकाको छाला खुइलिएको अनुहार शरीर सडी गली गएको, टाउकोको खप्पर भाग जमिनमाथि देखिएको अवस्थामा रहेको भन्ने बेहोराको **लास जाँच मुचुल्का ।**

(३) मिति २०७५।०८।२ मा जिल्ला बाँके नेपालगंञ्ज नगरपालिका वडा नं.११ जोलाहान टोल बस्ने फिरोज अहमद अन्सारीले गरिदिएको **लास सनाखत कागज** ।

(४) कमल वि.क. सहित अन्य नाम थाहा नभएका २ जना केटा र १ जना केटीसहित मेरो होटलमा आई कोठा लिई बसेका थिए । निजहरु ३।४ दिन त्यहाँ बसी कहाँ गए । त्यसको ३।४ दिन पछाडि भारतीय नम्बर प्लेटको गाडीमा आएका थिए । हामीहरुले भन्सार गरी ल्याएका हौ भनी भनेका थिए । निजहरु त्यसपश्चात कुन स्थानमा गए नं. UP40T0072 को बोलेरो चालक मोहम्मद एहसन अन्सारीलाई कसैले कर्तव्य गरी मारी फालेको जस्तो लाग्छ । निजलाई को कसले के कसरी मारेका हुन् मलाई थाहा भएन भन्ने बेहोराको भिमबहादुर खत्रीको **घटना विवरण कागज** ।

(५) हाम्रो पुर्व योजनाअनुसार नै दई कमल भन्ने खड्क वि.क.ले राझा एरपोर्टसम्म जाउँ सबै हिसाब किताब राझामा गरौला भनेपछि बोलेरो चालकले दाईसँग पुर्व चिनजानको कारणले नै राझासम्म आउनका लागि सहमत भएपछि भन्सारमा गाडीइन्टी गराइसकेपछि नेपाल आउने क्रममा भन्सार क्रस भएपछि दाई खडक वि.क.ले गाडी म चालउँछु भनी आफै गाडी चलाई राझाको बजार हुँदै बाँके जिल्ला मनिकापुर गाउपालिका वडा नं. ३ जंगलको बाटो डुरुवा नालातर्फ लगी रहेको अवस्थामा हामीहरुले पुर्व सल्लाह तथा योजनाअनुसार नै अगाडी सिटमा बसेका भारतीय चालक मोहम्मद एहसन अन्सारीलाई पछाडीबाट म दाई ललित वि.क. र गोपाल वादीसमेतले गाडी गुडीरहेकै अवस्थामा पछ्यौरीले घाटी कसी निजको कर्तव्य गरी मारी डुडुवा नालाको ढिकमा खाल्डो खनी गाड्नुपुर्व निजसंगको धनमाल झिकी खाल्टोमा पुरेका हौ भन्ने प्रतिवादी किरण वि.क.को अनुसन्धान अधिकारीसमक्ष भएको **बयान ।**

**प्रश्न नं. ६१**

(६) प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को ज्यान सम्बन्धी कसुरको दफा १७७ को उपदफा १ बमोजिमको कसुर अपराधमा सोही संहिताको दफा १७७ को उपदफा २ बमोजिम जन्म कैदको सजाय गरिपाउँ भन्ने व्यहोराको **अभियोग पत्र ।**

(७) प्रतिवादी गोपाल वादी, ललित वि.क.ले मृतक डाइभरलाई घाटी कसी मारेका हुन् । म पछाडीबाट किन यस्तो गरेको भन्दा तलाई पनि यस्तै गर्छौ भनी धम्की दिएका हुन् निज मृतको हत्यामा मेरो कुनै संलग्नता छैन भनी प्रतिवादी किरण वि.क.ले सुरु अदालतमा **गरेको बयान** ।

(८) प्रतिवादीमध्ये कमल भन्ने खड्कबहादुर वि.क., ललित वि.क.र गोपाल वादी म्यादमा हाजिर नभई फरार रहेको देखिदा निजहरुका हकमा मुलतविमा राखी दिने र प्रतिवादी किरण वि.क.ले कसुर गरेको ठहरेकोले जन्म कैद हुने ठहर्छ भन्ने सुरु बाँके जिल्ला **अदालतको फैसला** ।

(९) प्रतिवादी किरण वि.क.ले उच्च अदालत सुरखेत नेपालगंज ईजलासमा दिएको **पुनरावेदन पत्र ।**